# पोखरा विश्वविद्यालय

## सेवा आयोगको सूचना

## आन्तरिक प्रतियोगिता (शैक्षिक पद)

प्रकाशित मिति २०७८/०४/११

पोखरा विश्वविद्यालयमा रिक्त रहेको देहायको प्राध्यापक र सह-प्रध्यापक पदमा आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति गर्नको निमित्त पोखरा विश्वविद्यालय र त्यस अन्तर्गतका विभिन्न कार्यालयहरूमा वा निकायमा सम्बन्धित पदमा एकतह मुनिको पद र विषयमा कार्यरत रहेका व्यक्तिले न्यूनतम योग्यतामा तोकिए बमोजिमको स्थायी सेवा अवधि पूरा गरेका योग्य उम्मेदवारहरूले मिति २०७८ श्रावण ३१ गतेसम्म र दोब्बर दस्तुर तिरी मिति २०७८ भाद्र ०६ गतेसम्म कार्यालय समयभित्र पोखरा विश्वविद्यालय सेवा आयोगको कार्यालय पोखरा महानगरपालिका-३०, कास्की, पोखरामा आईपुग्ने गरी दरखास्त आव्हान गरिन्छ। आवेदन फारम २०७८ श्रावण ११ गतेदेखि पोखरा विश्वविद्यालय सेवा आयोगको कार्यालय पोखरा महानगरपालिका-३०, कास्कीबाट रू. ५००।- तिरी प्राप्त गर्न सकिने छ। म्याद नाघि प्राप्त हुन आएका र रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन। आवेदन फारमका साथ परीक्षा दस्तुर नबिल बैकको चल्ती खाता नं. १२०१०१७५००८७० (पोखरा) वा कामना सेवा विकास बैक पोखराको चल्ती खाता नं. ०१२१३४०००२४५६८०००००२२ मा रकम जम्मा गरेको सक्कल बैक भौचर र निम्नलिखित कागजातहरूको २/२ प्रति प्रमाणित प्रतिलिपिहरू पेश गर्नु पर्नेछ।

१. शैक्षिक योग्यताको प्रमाण-पत्र र लब्धाङ्कपत्रहरू।
२. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि।
३. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति।
४. अनुभव र तालिमको प्रमाण-पत्र।
५. व्यक्तिगत विवरण (बायोडाटा) ६ प्रति।
६. काम गरेको भए स्थायी, अस्थायी, करार नियुक्ती पत्रहरू
७. प्रकाशित अनुसन्धानात्मक कृति र अन्य प्रकाशनहरूको १/१ प्रति उम्मेदवारले आवेदन फारम साथ सक्कलै पेश गर्नु पर्नेछ।
८. पोखरा विश्वविद्यालय भन्दा बाहिर तलबी काज वा वेतलबी काजमा गएको भए सोको विवरण खुलाई सम्बन्धित निकाय प्रमुखद्वारा दिएको लिखित पत्रको सक्कल र बिदा वा काज स्वीकृत भएका पत्रहरूको प्रमाणित प्रतिलिपीहरू।
९. अध्ययन, वेतलबी बिदा वा अन्य बिदा कुनै प्रकारको बिदा लिएको नलिएको भए सो बिदाको अवधि खुलेको सम्बन्धित निकाय प्रमुखले प्रदान गरेको सक्कल प्रति नै पेश गर्नु पर्दछ।
१०.नियमानुसार कार्यसम्पादन भएको कार्य सम्पादन मूल्यांकनको प्रत्येक उम्मेदवारको अलग अलग सिलबन्दी गरिएको खाम पोखरा विश्वविद्यालय केन्द्रीय कार्यालयले सम्पर्क मितिभन्दा अगावै सेवा आयोगको कार्यालयलाई उपलव्ध गराउनु पर्नेछ।
११.माथि उल्लेखित सि.नं. १ देखि ८ सम्मका कागजातहरू उम्मेदवारले आवेदन फारम बुझउँदा नै बुझाउनु पर्नेछ। कुनै कागज पत्र अपुग भएको आवेदन फारम उपर कुनै कारवाही हुने छैन।
१२.वेतनक्रम पोखरा विश्वविद्यालयको नियम बमोजिम हुनेछ।

**सम्पर्क स्थान र मितिः** पोखरा विश्वविद्यालय सेवा आयागको कार्यालय पोखरा महानगरपालिका-३०, कास्की, मिति २०७८ भाद्र १५ गते।

| क्र.स. | पद | विज्ञापन नं (अन्तरिक) | विषय | रिक्त संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १ | प्राध्यापक | १/०७८/०७९ | व्यवस्थापन | १ (एक) | ३५००/- |
| २ | प्राध्यापक | २/०७८/०७९ | अर्गानिक केमेष्ट्री | १ (एक) | ३५००/- |
| ३ | सह-प्राध्यापक | ३/०७८/०७९ | व्यवस्थापन | १ (एक) | ३५००/- |
| ४ | सह-प्राध्यापक | ४/०७८/०७९ | हेमाटोलोजी | १ (एक) | ३५००/- |
| ५ | सह-प्राध्यापक | ५/०७८/०७९ | अर्गानिक केमेष्ट्री | ४(चार) | ३५००/- |
| ६ | सह-प्राध्यापक | ६/०७८/०७९ | फर्माकोग्नोसी (मेडिसिनल बोटनी) | १ (एक) | ३५००/- |
| ७ | सह-प्राध्यापक | ७/०७८/०७९ | तथ्याङ्कशास्त्र | १ (एक) | ३५००/- |
| ८ | सह-प्राध्यापक | ८/०७८/०७९ | फार्मेसी (नेचुरल प्रोडक्ट केमेष्ट्री) | १ (एक) | ३५००/- |
| ९ | सह-प्राध्यापक | ९/०७८/०७९ | जनसंख्या अध्ययन | १ (एक) | ३५००/- |

**पुनश्चः** (१) प्राध्यापक पदमा आवेदन दिने उम्मेदवारहरूले तोकिएको न्यूनतम योग्यताको अत्तिरिक्त सह-प्राध्यापकमा पदोन्नती भएको ५ (पाँच) वर्ष पूरा भएको हुनु पर्दछ।

(२) छनौटसम्बन्धी आधार र न्यूनतम योग्यतासम्बन्धी विस्तृत विवरण पोखरा विश्वविद्यालयको website: https://pu.edu.np मा हेर्न सकिनेछ। साथै यो विवरण सेवा आयोगको कार्यालय पोखरा महानगरपालिका-३०, कास्कीको सूचना पाटीमा टाँस गरिएको छ।